# प्रतिस्पर्धा नीति र कानूनको विकासक्रम


**प्रतिस्पर्धा कानूनले बजार पद्धतिलाई स्वचालित, स्वच्छ र प्रतिस्पर्धी बनाउनुका साथै साधन र स्रोतको समानुपातिक वितरणलाई समेत सुनिश्चित गर्नमा मद्दत पुऱ्याउँछ। बजार विकासको इतिहासलाई हेर्ने हो भने स्थानीय सेरोफेरोमा सीमित रहेको बजार विश्वव्यापिकरण एवं उदारीकरणको प्रभावले राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा खुला भएको छ। परिणामस्वरुप विश्वका वहुसंख्यक राष्ट्रहरूले प्रतिस्पर्धा नीति तथा कानूनको निर्माण र समयसापेक्ष बनाउने कार्यलाई प्राथमिकतामा पारेका छन्। नेपालमा पनि प्रतिस्पर्धा नीति तथा कानूनको आवश्यकतालाई महशुस गरी विज्ञहरूका बीच बहसको थालनी भइसकेको छ। ढिलो चाँडो प्रतिस्पर्धा कानून आउने कुरामा सबै आशावादी छन्। यस परिप्रेक्ष्यमा विश्वस्तरमा भएको प्रतिस्पर्धा नीति र कानूनको विकासक्रमको जानकारी राख्न सके कानून निर्माणको क्रममा सकारात्मक योगदान पुग्ने अपेक्षा गरी तिनै विषयवस्तुलाई यस जानकारी पत्रमा संक्षेपमा चर्चा गरिएको छ।**


## प्रतिस्पर्धा नीति र कानूनको ऐतिहासिक पृष्ठभूमि

प्रतिस्पर्धा कानूनको इतिहासलाई हेर्दा गैर प्रतिस्पर्धात्मक क्रियाकलाप नियन्त्रणसम्बन्धी कानूनको अवधारणा धेरै पहिलेबाटै सुरू भएको देखिएता पनि स्वच्छ प्रतिस्पर्धालाई प्रवर्द्धन गर्ने उद्देश्यले प्रतिस्पर्धासम्बन्धी कानूनको छुट्टै विधायकी रूपको धारणा भने क्यानाडामा सन् १८८९ ल्याइएको प्रतिस्पर्धा ऐनबाट भएको देखिन्छ। तत्पश्चात् अमेरिकाको सर्मन ऐन, १८९० तथा सन् १९१४ को क्लेटन ऐन र वेलायतको ल्याइएको एकाधिकार तथा निरोधात्मक व्यवहार (छानविन र नियन्त्रण) ऐन, १९४८ लाई प्रतिस्पर्धा कानूनका जेठा कानूनहरू मध्येका मानिन्छन्।

आधुनिक वजारको प्रादुर्भावदेखि नै व्यापार अवरोध, बजार षडयन्त्र तथा सार्वजनिक हित जस्ता अवधारणाहरूलाई प्रतिस्पर्धा कानूनको विकासक्रममा जोडेर हेर्ने प्रचलन कमन ल प्रणालीअन्तर्गतका मुलुकहरूमा रहेको पाइन्छ। बेलायतमा तत्कालीन अवस्थामा व्यापारको स्वरूप स्थानीय प्रकृतिको हुने गरेकाले एकाधिकार कायम गर्न सजिलो थियो र राजालाई आवश्यक पर्ने राजस्व उठाउन पनि एकाधिकार महत्त्वपूर्ण थियो। १६ औं शताब्दीसम्म आइपुग्दा व्यापार र बाणिज्य क्षेत्रको द्रुततर विकासले राजाको एकाधिकार दिनसक्ने अख्तियारीमा प्रश्नहरू उठाउन थालिए। सन् १६०२ *मा डार्सी बी. एलेन* को मुद्दामा अदालतले राजामा रहेको यस्तो एकाधिकार शक्तिको विपक्षमा निर्णय दियो। यो निर्णय पश्चात् पनि राजाले साविक जस्तै एकाधिकार प्रदान गर्ने शक्तिको प्रयोग गरिरहेको हुँदा पेटेण्ट र नयाँ आविष्कारमा बाहेक अन्य कुनै पनि कुरामा एकाधिकार कायम गर्न नसकिने व्यवस्था सहित सन् १६४२ मा एकाधिकार ऐन नै ल्याइएपछि प्रतिस्पर्धासम्बन्धी अवधारणाले नयाँ चरणमा प्रवेश गऱ्यो। सन् १६८९ मा अधिकारहरूको घोषणापत्र जारी गरिसकेपछि त झनै शाही विशेषाधिकारमा पूरै बन्देज लागेको हुँदा एकाधिकार पूर्णरुपमा गैरकानूनी हुन गयो।

अठारौं शताब्दीमा आएर प्रतिस्पर्धा कानूनले आफूलाई एडम स्मिथले प्रतिपादन गरेको खुल्ला अर्थतन्त्रको एक आधारभूत मान्यताका साथै प्रजातान्त्रिक व्यवस्थाको एक अभिन्न अङ्गका रूपमा स्थापित गऱ्यो। एक अर्काको सहमतिमा जुनसुकै शर्त राखी करार गर्न तथा सार्वजनिक हितलाई असर पर्ने कुरा बाहेक अन्य जस्तोसुकै व्यापार गर्ने कुराहरूमा स्वतन्त्रता हुनुपर्दछ भन्ने मान्यताको विकास यसै समयमा भएको देखिन्छ। *पेट्रोफिना विरुद्ध मार्टिन*को मुद्दामा प्रतिस्पर्धालाई रोक्ने वा निषेध गर्ने करार रद्द हुने तथा सन् १९२५ मा *सोरेन विरुद्ध स्मिथ*को मुद्दामा दुई वा दुईभन्दा


अंक ३, २०६२

जानकारी पत्र

BRIEFING PAPER



SAWTEE

SOUTH ASIA WATCH ON TRADE, ECONOMICS & ENVIRONMENT

पो.ब.नं. १९३६६

२५४ लम्टङ्गीन मार्ग

बालुवाटार, काठमाडौं, नेपाल

फोन: ९७७-१-४४१५८२४, ४४४४४३८

फ्याक्स: ९७७-१-४४४४५७०

ईमेल: sawtee@sawtee.org

वेबसाइट: www.sawtee.org

बढी व्यक्तिहरू मिली अरू कसैको व्यापारमा हानि पुऱ्याउनु गैरकानूनी हुने भन्ने जस्ता कुराको व्याख्या अदालतले गरेपछि प्रतिस्पर्धा कानूनले अर्को चरण पार गरेको देखिन्छ ।

यसैबीच, दोस्रो विश्वयुद्धले ल्याएको आमविनासका कारण राज्यहरूको पुर्नसंरचना गर्नुपर्ने अवस्था आएको थियो । चिनिया र रुसी समाजवादी चिन्तनले राज्यको भूमिका प्रवल पार्नुको साथै कल्याणकारी राज्यको अवधारणा विकसित भै राज्यका कतिपय क्षेत्र विशेषत: शिक्षा, स्वास्थ्य, यातायात, विद्युत्, सञ्चार जस्ता अत्यावश्यकीय क्षेत्रहरूमा राज्यको एकाधिकार स्थापना हुन गएको देखिन्छ । कार्टेल, दुरुपयोग र विलयलाई नियन्त्रण गर्ने उद्देश्यले सन् १९५७ मा युरोपेली समुदायको रोम सम्झौता तथा सन् १९५८ मा जर्मनीमा प्रतिस्पर्धा अवरोध विरुद्धको ऐन ल्याइएपछि प्रतिस्पर्धा नीति तथा कानून अझै एक खुड्किलो अगाडि बढेको देखिन्छ । १९९० को दशकमा विकसित उदारीकरणको लहर र विश्व व्यापार संगठनको उदयपश्चात् त प्रतिस्पर्धा नीति तथा कानूनको महत्व झनै बढ्न गएको देखिन्छ । फलस्वरुप अहिले विश्वमा १०० भन्दा बढी देशहरूले प्रतिस्पर्धा कानूनको निर्माण गरिसकेका छन् भने कतिपय राष्ट्रहरू नयाँ निर्माण गर्ने र यसलाई समयसापेक्ष संशोधन गर्ने तयारीमा लागिपरेका छन् ।

## विश्वका केही प्रमुख राष्ट्रका प्रतिस्पर्धा नीति र कानूनहरू

विश्वका विभिन्न कानूनी प्रणाली अपनाउने राष्ट्रहरूमध्ये केही महत्वपूर्ण राष्ट्रहरूको प्रतिस्पर्धा कानूनहरूको यहाँ संक्षेपमा चर्चा गरिएको छ:

**क्यानाडा:** वजारमा स्वच्छ प्रतिस्पर्धा कायम गराउने तथा बजारको संरक्षण गर्ने उद्देश्यले क्यानाडामा सन् १८८९ मा नै प्रतिस्पर्धा ऐन पारित गरिएको थियो जसले बजार षडयन्त्र, गठबन्धन तथा प्रतिस्पर्धालाई सीमित गर्ने सम्झौताहरूलाई निषेधित गरेको थियो । उल्लेखित ऐनलाई सन् १९८६ मा समयसापेक्ष संशोधन गरी नयाँ प्रतिस्पर्धा कानून ल्याई सकिएको छ ।

कोष्ठक: १

### क्यानेडाली प्रतिस्पर्धा ऐनका उद्देश्यहरू

- राष्ट्रको अर्थतन्त्रको प्रभावकारिता र ग्रहणशीलताको प्रवर्द्धन गर्ने ।
- विश्व वजारमा आफ्नो सहभागिताका अवसरहरूमा अभिवृद्धि गराउने ।
- विदेशी वस्तु र सेवा प्रदायकलाई समेत समान मान्यता र अवसर दिने ।
- साना तथा मझौला उद्यमीहरूलाई समेत अर्थतन्त्रमा सहभागी गराउन समान अवसरको प्रत्याभूति गर्ने ।
- उपभोक्ताहरूलाई वस्तु र सेवामा छनोटको अवसर सहित प्रतिस्पर्धी मूल्यमा उपलब्ध गराउने ।

यो ऐनमा प्रभावकारिता, ग्रहणशीलता र अन्तर्राष्ट्रिय प्रतिस्पर्धा जस्ता अवधारणाहरूलाई प्रतिविम्बित गरिएको छ । ऐन लागू गर्ने सम्पूर्ण जिम्मेवारी त्यहाँको सरकारअन्तर्गत रहेको प्रतिस्पर्धा ब्युरोलाई सुम्पिएको छ, जसले प्रतिस्पर्धासम्वन्धी अपराधहरूको अनुसन्धान गरी प्रतिस्पर्धा प्राधिकरणमा अभियोग दर्ता गर्छ । प्राधिकरणलाई विलय, प्रभावकारी हैसियतको दुरुपयोग, गठबन्धन आदि विषयमा मुद्दा हेर्ने एकल क्षेत्राधिकार प्रदान गरिएको छ । क्यानाडामा सामान्यतया स्वच्छ प्रतिस्पर्धामा प्रतिकुल असर पार्ने विलयलाई मात्र अपराध ठहर गरी मुद्दा चलाइन्छ ।

केही अपवाद बाहेक क्यानाडामा प्रतिस्पर्धा कानूनको दायराभित्र सम्पूर्ण क्षेत्रहरू पर्दछन् । यसले षडयन्त्र, मिलोमतोपूर्ण ठेक्का जस्ता क्रियाकलापलाई फौजदारी अपराध र विलय तथा प्राप्ति जस्ता कार्यलाई गैरफौजदारी क्रियाकलापअन्तर्गत पारी दुवैलाई प्राधिकरणको क्षेत्राधिकारभित्र पारेको छ । यो कानूनले प्राधिकरणले आवश्यक देखेमा कुनै पनि अवस्थामा विलय वा खारेजी जस्ता कार्यमा रोक लगाउन सक्ने अख्तियारी दिएको छ ।

**संयुक्त राज्य अमेरिका:** अमेरिकी बजार संयन्त्र स्वचालित र प्रभावकारी रूपबाट संचालन भै प्रतिस्पर्धाको प्रत्याभूति होस् र उपभोक्ताको हक अधिकार सुरक्षित होस् भन्ने उद्देश्यले अमेरिकामा वृहत् रूपमा प्रतिस्पर्धासम्बन्धी कानून र नीतिहरू निर्माण गरिएका छन् । यिनीहरूमध्ये सर्मन ऐन, १८९० (एण्टी ट्रष्ट एक्ट) ले व्यापार एकाधिकार, एकाधिकारको उद्योग र व्यापारलाई अवरोध गर्ने षडयन्त्र तथा करारहरूलाई निषेध गर्दछ । क्लेटन ऐन, १९१४ ले गैरप्रतिस्पर्धात्मक विलय र संयुक्त लगानीलाई नियन्त्रण गर्नुका साथै मूल्य भेदभाव, अस्वस्थ गठबन्धन जस्ता कार्यलाई रोक लगाएको छ । त्यस्तै संघीय व्यापार आयोग ऐन, १९१४ ले उद्योगीहरूलाई अस्वस्थ प्रतिस्पर्धामा संलग्न हुने कार्यबाट रोक लगाउन अख्तियारी दिई संघीय व्यापार आयोगको गठन गरेको छ जसलाई सर्मन ऐन र क्लेटन ऐनअन्तर्गतका मुद्दाहरू समेत हेर्ने अधिकार प्राप्त छ । त्यसैगरी तोकिएभन्दा बढीको कारोबार गर्ने र तोकिएभन्दा बढी संख्यामा पक्ष भएका प्रस्तावित प्राप्ति र विलयका बारेमा पूर्व सूचना गर्नुपर्ने व्यवस्थासहित हार्टस्कट रोडिनो प्रतिस्पर्धा सुधार ऐन, १९७६ ल्याइएको छ ।

**संयुक्त अधिराज्य:** संयुक्त अधिराज्यमा प्रतिस्पर्धासम्बन्धी व्यवस्थाहरूलाई समयानुकूल बनाउने उद्देश्यले सन् १९४८ को एकाधिकार ऐन तथा सन् १९७६ को निषेधात्मक व्यापार प्रचलन ऐन र पुनर्बिक्री मूल्य ऐनलाई समेत प्रतिस्थापन गरी प्रतिस्पर्धा ऐन, १९९८ निर्माण गरिएको छ । यो ऐनको प्राथमिक उद्देश्य प्रतिस्पर्धालाई व्यवस्थित गर्दै प्रभावकारी हैसियतको दुरुपयोगलाई नियन्त्रण गर्नु रहेको छ । युरोपेली समुदाय स्थापना गर्ने रोम सम्झौता, १९५७ को धारा ८५ र ८६ अन्तर्गत गरिने प्रतिस्पर्धा अपराधहरूको अनुसन्धानलाई प्रभावकारी बनाउन र राष्ट्रिय स्तरमा प्रतिस्पर्धात्मक र स्वच्छ व्यापारिक सिद्धान्तलाई कायम राख्न यो ऐन निर्देशित छ । यो ऐनका प्राथमिक उद्देश्यहरूमा बजारमा संलग्न व्यक्तिहरूको संख्या घटाउने, नयाँ व्यक्तिको आगमनलाई रोक्ने वा तिनलाई हतोत्साही बनाउने, प्रभुत्वशाली हैसियतको दुरुपयोग गर्ने जस्ता गैरप्रतिस्पर्धात्मक क्रियाकलापलाई नियन्त्रण गर्नु र प्रतिस्पर्धालाई व्यवस्थित गर्नु रहेको छ ।

प्रतिस्पर्धा ऐन, १९९८ का अतिरिक्त संयुक्त अधिराज्यमा सबै प्रकारका एकाधिकारलाई रोक लगाउन स्वच्छ व्यापार ऐन, १९७३ पनि क्रियाशील छ। यस ऐनअन्तर्गतका कसुरहरूका सम्बन्धमा अनुसन्धानका लागि स्वच्छ व्यापार महानिर्देशक वा एकाधिकार तथा विलय आयोगका सचिव समक्ष दर्ता हुन्छन्। संयुक्त अधिराज्यमा सम्पूर्ण विलयलाई गैरकानूनी मानिदैंन र विलयका बारेमा पुर्व सूचना दिनु पर्ने व्यवस्था पनि छैन, तथापि प्रतिस्पर्धालाई संकुचित पार्ने विलयका सम्बन्धमा सम्बन्धित अधिकारीले स्वयं जानकारी राख्नु पर्दछ। राजा तथा राजपरिवारले प्रतिस्पर्धालाई असर पार्ने कुनै पनि क्रियाकलाप गर्दैनन् भन्ने बेलायती मान्यताअनुसार स्वच्छ प्रतिस्पर्धा ऐनले राजा तथा राजपरिवारलाई ऐनको दायराबाट मुक्त गरेको छ।

**जर्मनी:** 'प्रतिस्पर्धाको संरक्षण नै बजार अर्थतन्त्रलाई हाक्ने शक्ति हो' भन्ने मान्यता रहेको जर्मनीमा सन् १९५८ मा नै प्रतिस्पर्धा निषेध विरुद्धको ऐन, १९५८ निर्माण गरिएको थियो। कार्टेललाई निषेध तथा दुरुपयोग र विलयलाई नियन्त्रण गर्ने उदेश्य राखेको यो ऐनमा संघीय अर्थ मन्त्रालयअन्तर्गत गठित संघीय प्रतिस्पर्धा प्राधिकरणलाई स्वच्छ प्रतिस्पर्धा कायम गर्ने जिम्मेवारी दिइएको छ। सन् १९९८ मा संशोधन गरी युरोपेली संघको प्रतिस्पर्धा कानून अनुरुप वनाइएको यो ऐनमा प्रतिस्पर्धालाई प्रत्यक्ष असर नपार्ने तथा आर्थिक हित ल्याउने खालका तथा साना साना व्यवसायी तथा उद्यमीहरूको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने खालका गठबन्धनलाई छुट दिइने प्रावधान राखिएको छ। त्यस्तै यो कानूनले युरोपेली संघको प्रतिस्पर्धा कानूनले जस्तै यातायात, कृषि, ऋण दिने संस्थाहरू, प्रतिलिपि अधिकार संगठन तथा उर्जा क्षेत्रमा काम गर्ने संस्थाहरूलाई विशेष प्रकारका छुटहरू प्रदान गर्ने प्रावधान राखेको छ।

**जापान:** जापानमा सर्वप्रथम सन् १९४७ मा एकाधिकार निषेध ऐन निर्माण गरी सोअन्तर्गत स्वच्छ व्यापार नामक एक स्वायत्त आयोग गठन गरिएको थियो। अस्वस्थ व्यापारिक क्रियाकलाप, व्यापारमा अनुचित प्रतिबन्ध तथा बजारशक्तिको अत्यधिक केन्द्रीकरणलाई निरुत्साहित गर्ने उद्देश्य रहेको यो ऐनमा अमेरिकी प्रतिस्पर्धा कानूनको गहिरो प्रभाव देखिन्छ जसलाई सन् १९४९, १९५३ र १९७७ गरी जम्मा तीनपटक संशोधन गरिसकिएको छ।

यो ऐनले कार्टेललगायत प्राप्ति, विलय, स्टक होल्डिङ जस्ता अस्वस्थ गठबन्धनलाई स्वच्छ प्रतिस्पर्धामा अवरोध सृजना गर्ने मानी यस प्रकारका क्रियाकलापका विरुद्ध जापान स्वच्छ व्यापार आयोगमा मुद्दा दर्ता गर्न सकिने प्रावधान राखेको छ। प्रतिस्पर्धालाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा असर पार्ने यस्ता क्रियाकलापलाई नियन्त्रण गर्न आवश्यक देखेमा आयोगले विभिन्न आदेशहरू जारी गर्न सक्ने अधिकारका साथै आयोगलाई प्रतिस्पर्धासम्बन्धी विभिन्न नीति तथा निर्देशनहरू तर्जुमा, लागू र वकालत गर्ने जिम्मेवारी पनि ऐनले प्रदान गरेको छ। जापानमा अर्थसम्बन्धी कुनै कानून तथा अध्यादेशहरू निर्माण गर्नु परेमा वा संशोधन गर्नु परेमा मस्यौदाकै चरणमा आयोगसँग सल्लाह र सम्मति लिनुपर्ने प्रावधान ऐनले राखेको छ। प्रशासनिक अङ्गहरूले स्वच्छ र स्वतन्त्र व्यापारमा असर पार्ने तथा प्रतिस्पर्धा ऐन उल्लंघन गर्ने कार्य नगरुन् भन्ने उद्देश्यले यो आयोगले सन् १९९४ मा प्रशासनिक निर्देशनसँग सम्बन्धित "प्रतिस्पर्धा ऐन निर्देशिका" तयार गरी प्रकाशन समेत गरेको छ।

## प्रतिस्पर्धा कानून र नीतिको विकासमा अन्तर्राष्ट्रिय प्रयत्न

दोस्रो विश्वयुद्धपछि हवाना बडापत्रमा हस्ताक्षर गर्ने समयमा विश्व व्यापारलाई नियमन गर्न तयार पारिएको अन्तर्राष्ट्रिय व्यापार संगठन (ITO) को मस्यौदामा प्रतिस्पर्धा नीतिलाई एउटा महत्वपूर्ण विषयका रूपमा सम्मिलित गरिएको भएता पनि अन्तर्राष्ट्रिय व्यापार संघसम्बन्धी प्रस्ताव पारित हुन नसक्दा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा नीतिको विषय ओझेलमा पर्न गयो। तर विश्व अर्थतन्त्रमा देखा परेका आर्थिक उदारीकरण, निजीकरण, बहुराष्ट्रिय निगमहरूका बीचमा भएका प्राप्ति, विलयन एवं सामरिक साझेदारी तथा व्यापारिक गठबन्धन जस्ता गतिविधिहरू तथा विश्व व्यापार संगठन (WTO) को उदयले आज प्रतिस्पर्धा नीति तथा कानूनको विषय राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमै महत्त्वको विषय बन्न गएको छ। समयको मागअनुसार आज प्रतिस्पर्धासम्बन्धी कानून नभएका राष्ट्रहरू समेत क्रमश: यस्तो कानून निर्माण गर्ने क्रममा छन् भने झण्डै एक सयभन्दा बढी राष्ट्रमा कानून बनिसकेको छ।

व्यापार तथा विकाससम्बन्धी संयुक्त राष्ट्र संघीय सम्मेलन (अन्कटाड) ले व्यापार तथा व्यवसायमा हुनसक्ने सबै प्रकारका नियन्त्रण तथा प्रतिस्पर्धा विरूद्धका अभ्यासहरूलाई समेटी "निषेधित व्यापारको अभ्यासलाई नियन्त्रण गर्नका लागि व्यवस्था भएको अन्कटाडको बहुपक्षीय रूपमा मन्जुर गरिएका न्यायिक सिद्धान्त तथा नियमहरूको समूह" पारित गरेको छ। यसका साथै अन्कटाडले प्रतिस्पर्धासम्बन्धी नमूना कानूनको मस्यौदा तयार गरी सदस्य राष्ट्रहरूलाई प्रभावकारी प्रतिस्पर्धासम्बन्धी कानून बनाई

कोष्ठक: २

### द्विपक्षीय सम्झौता

सन् १९७६ मा अमेरिका र जर्मनीका बीच एक आपसमा व्यापारमा भएका अवरोधपूर्ण व्यवहारलाई नियन्त्रण गरी स्वच्छ प्रतिस्पर्धा बढाउने उद्देश्यले एउटा द्विपक्षीय सम्झौता गरिएको छ। यो सम्झौताले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापारलाई असर पार्ने अवरोधात्मक व्यापारिक क्रियाकलापबाट दुवै देशलाई आर्थिक तथा व्यापारिक लाभ नहुने कुराको घोषणा गर्दै यस्ता क्रियाकलापलाई निरुत्साहित गर्ने सम्बन्धमा दुई देशका प्रतिस्पर्धा प्राधिकरणहरू बीच समझदारी बढाउने र सूचना आदानप्रदान गर्नुपर्ने व्यवस्था गरेको छ। यो सम्झौताले गैर-प्रतिस्पर्धात्मक कार्यविधि, प्रतिस्पर्धा नीतिको अध्ययन तथा कानूनको समसामयिक संशोधनमा समेत आपसी सहयोग आदानप्रदान गर्ने व्यवस्था गरेको छ। यसै गरी सन १९८४ मा व्यापार अवरोधात्मक व्यवहारलाई रोक्न एक आपसमा सहयोग गर्न फ्रान्स र जर्मनीबीच पनि यस्तै प्रकारको सम्झौता भएको पाइन्छ।

लागू र कार्यान्वयन गर्न सिफारिस समेत गरेको छ। त्यस्तै विश्व बैंक र आर्थिक सहयोग तथा विकास संघ (ओईसीडी) ले पनि संयुक्त रुपमा प्रतिस्पर्धासम्बन्धी कानूनको मस्यौदा तयार गरेका छन्। यस बाहेक ओईसीडीले समय समयमा विभिन्न सिफारिशहरू पारित गरी प्रतिस्पर्धाको विषयलाई एक नरम कानूनका रुपमा प्रवर्द्धन गर्दै आएको छ।

सन् १९५७ को युरोपेली समुदाय स्थापना गर्ने रोम सम्झौतामा भएका सिद्दान्तका आधारमा प्रतिस्पर्धासम्बन्धी एकीकृत कानूनको औपचारिक व्यवस्था भए अनुसार सदस्य राष्ट्रहरू एकरुपको प्रतिस्पर्धा कानून विकास गर्ने क्रममा लागेका छन्। यो सम्झौताको मुख्य उद्देश्य आर्थिक स्रोतको अधिकतम वितरण, उपभोक्ता हकहित र जनसाधारणका लागि आर्थिक हितका सेवाहरूको प्रभावकारी व्यवस्थापन गर्नु रहेको पाइन्छ। यो सम्झौताले कार्टेललाई निषेध गर्नुका साथै प्रभुत्वशाली हैसियतको दुरुपयोगलाई समेत सबै

कोष्ठकः ३

## युरोपेली समुदायका प्रतिस्पर्धासम्बन्धी प्रमुख सिद्धान्तहरू

- प्रतिस्पर्धा नीतिको उद्देश्य एकल उद्योग वा फर्मको संरक्षण गर्नु नभई समग्र प्रतिस्पर्धा प्रक्रियाको विकास गर्नु हो। प्रतिस्पर्धा कानून त्यस्ता व्यवहारहरूमा मात्रै लागू हुन्छ जसले बजारको समग्र क्रियाकलापमा सकारात्मक प्रभाव ल्याउँछ।
- प्रतिस्पर्धा कानूनले बजारमा प्राप्त अबसरहरूमा प्रतिस्पर्धी हुन अवरोध नगर्ने र गैह्र प्रतिस्पर्धात्मक क्रियाकलापको कारण बजार बन्द नहुने कुरा सुनिश्चित गर्दछ।
- प्रभुत्वशाली हैसियतको आधारणा व्यावसायिक फर्मले प्रयोग गरेको यस्तो आर्थिक बलसँग सम्बन्धित हुन्छ जस्ले सम्बद्ध बजारमा कायम गरिने प्रभावकारी प्रतिस्पर्धामा रोकावट ल्याउँदछ।
- प्रभुत्वशाली हैसियतको उपस्थिति हुनुलाई निषेधित क्रियाकलापमा पारिंदैन। यदि प्रभुत्वशाली हैसियतको दुरुपयोगले स्वच्छ प्रतिस्पर्धालाई नकरात्मक असर पार्छ भने त्यसलाई मात्रै निषेध गरिन्छ।

### युरोपेली संघमा गैरप्रतिस्पर्धात्मक क्रियाकलापमा छुट दिने अवस्था

- वस्तुको उत्पादन वा वितरणमा सुधार आउने भएमा
- प्राविधिक विकास भएमा
- लक्षित उपभोक्ता सम्म आइपुग्दा दक्षता-वृद्धिसम्बन्धी फाइदा पुग्ने भएमा
- गैर प्रतिस्पर्धात्मक क्रियाकलापमा संलग्न संस्थाहरूका प्रतिस्पर्धालाई असर पर्ने भएमा।

राष्ट्रले नियन्त्रण गरी स्वच्छ प्रतिस्पर्धाको प्रत्याभूति गर्नुपर्ने व्यवस्था गरेको छ। यसै सन्धि अनुरुप युरोपका प्राय: सबै राष्ट्रले राष्ट्रियस्तरमा प्रतिस्पर्धा कानूनको निर्माण गरी स्वच्छ प्रतिस्पर्धाको प्रत्याभूति गर्ने प्रयत्न गरेका छन्। यो सम्झौताको धारा ८५ ले गैरकानूनी सम्झौतालाई दुई भागमा बाँडेको छ। पहिलो भागमा युरोपको सामूहिक बजारभित्र कुनै पनि निकाय वा कम्पनीका सम्झौताहरू मार्फत् व्यापार तथा प्रतिस्पर्धालाई अवरोध गर्ने, निषेध गर्ने तथा बेकम्मा पार्ने क्रियाकलापहरूलाई निषेधित गरिएको छ भने अर्को भागमा छुटहरूको व्यवस्था गरिएको छ। यसअन्तर्गत बस्तुको उत्पादन तथा वितरणलाई प्रवर्द्धन गर्ने र प्राविधिक तथा आर्थिक अभिवृद्धि गर्ने जस्ता कुराहरूलाई प्रतिस्पर्धा कानूनको दायराबाट छुट दिन सकिने सम्झौता गर्ने जस्ता कुराहरू पर्दछन्‌ यसैगरी "उत्तरी अमेरिकी स्वतन्त्र व्यापार व्यवस्था" (NAFTA), "दक्षिण अमेरिकी राष्ट्रहरूको क्षेत्रीय आर्थिक समुदाय" (ANDEAN) आदिको संरचनाभित्र पनि स्वतन्त्र व्यापार तथा प्रतिस्पर्धालाई नियन्त्रण गर्ने अभ्यासका विरूद्ध विशेष संयन्त्रको व्यवस्था गरिएको पाइन्छ। त्यसैगरी "दक्षिण अफ्रिकी कस्टम्स युनियन" (SACU) तथा "दक्षिण अफ्रिकी विकास समुदाय" (SADC) जस्ता अफ्रिकी राष्ट्का मञ्चहरू पनि क्षेत्रीय प्रारुपको एकीकृत प्रतिस्पर्धा नीति र कानून तयार गर्ने क्रममा छन्।

## प्रतिस्पर्धा कानून र नीतिको विकासमा दक्षिण एशियाली राष्ट्र

विश्वको सम्पूर्ण जनसंख्याको करिब ५५ प्रतिशत जनसंख्या एसियाका २२ देशहरूमा बस्दछन्, जसमध्ये दक्षिण एसियामा मात्र १ अरब ३ करोड मानिसहरू छन्। छुट्टै प्रतिस्पर्धा कानून र नीति तर्जुमा गर्ने सम्बन्धमा दक्षिण एसियाली मुलुकहरूको अनुभव धेरै लामो छैन। प्रायस: यी मुलुकहरूमा समाजवादी चिन्तनको प्रभाव अनरुप सेवा क्षेत्रलाई राज्यले आफ्नो नियन्त्रणमा राख्ने गरेको र एकाधिकारीको प्रभाव धेरै भएको हुँदा पनि छुट्टै प्रतिस्पर्धा कानून र नीति तर्जुमा हुन नसकेको भन्ने अनुमान पनि लगाउन सकिन्छ। तथापि विश्व व्यापार संगठनको उदय, स्वतन्त्र एवं खुला व्यापार प्रणालीको अवधारणाको संगसंगै यी मुलुकहरूमा विकास भैरहेको स्वतन्त्र व्यापार र सामूहिक मुद्राको अवधारणाको सुरुवातले पनि यी मुलुकहरूमा प्रतिस्पर्धा कानुनको सन्दर्भ थपिएको छ। यस क्षेत्रमा क्षेत्रीय स्तरमै प्रतिस्पर्धा कानून निर्माण गरिनुपर्ने अपरिहार्यता देखिएता पनि कतिपयमा मुलुकमा त हालसम्म राष्ट्रिय कानून समेत निर्माण हुन सकेको छैन। यस क्षेत्रका मुलुकहरूमा भएका प्रतिस्पर्धासम्बन्धी कानूनको सन्दर्भहरूमा तल संक्षेपमा चर्चा गरिन्छ।

**भारत:** भारतमा सन् १९६९ मा एकाधिकार तथा निषेधात्मक व्यापार व्यवहार ऐन (MRTP) को निर्माण गरियो। उदारीकरणको प्रभाव सँगसँगै आर्थिक नीतिमा परिवर्तनको कारण यो ऐनमा सन् १९८४ र १९९१ मा आमूल संशोधन गरिएको थियो। सन् १९९१ को संशोधनले त यो ऐनमा कम्पनीको आकारको आधारमा मात्र नियन्त्रण गर्न सकिने पूर्व प्रावधान हटाई आकारको सम्बन्धमा रहेको वन्देजलाई स्वतन्त्र बनायो। यो ऐन सार्वजनिक

संस्थान, सरकारी कम्पनीहरू, बैंक, वित्त कम्पनीहरू तथा सहकारीमा समेत समान रूपमा लागू हुन्थ्यो । प्राप्ति र विलय यो ऐनको क्षेत्राधिकारभित्र पर्दैनथे । यो ऐनमा भएको प्रावधान वा संशोधनले विश्वव्यापीकरणको प्रवाहलाई पूर्णरुपले समेट्न नसकेको हुँदा भारतमा सन् २००१ मा पृथक प्रतिस्पर्धा कानूनको निर्माण गरी सकिएको छ । यो ऐनले गैर प्रतिस्पर्धात्मक क्रियाकलाप तथा प्रभुत्वशाली हैसियतको दुरुपयोगलाई निषेध गरेको भएता पनि प्रभुत्वशाली हैसियत आफैलाई भने नियन्त्रण गरेको छैन । यो ऐनले भने विलय र प्राप्तिलाई नियमित गरी एम.आर.टी.पी. समेतलाई खारेज गरेको छ । प्रभुत्वशाली हैसियत, विलय वा प्राप्तिले गैर प्रतिस्पर्धात्मक क्रियाकलाप हुने सम्भावना बढाएको अवस्थामा मात्र त्यस्तो हैसियत, विलय वा प्राप्तिलाई वा व्यापारमा अवरोध ल्याएमा मात्र हैसियतको यस्तो दुरुपयोगलाई भारतको प्रतिस्पर्धा ऐनले निषेध गरेको छ ।

**पाकिस्तानः** पाकिस्तानमा पनि एकाधिकार तथा निषेधात्मक व्यापार व्यवहार (नियन्त्रण र निषेध) अध्यादेश, (MRTPO) १९७० मा निर्माण गरी १९७१ को अगष्टदेखि लागू गरिएको थियो । यसअन्तर्गत एकाधिकार नियन्त्रण प्राधिकरण पनि गठन गरिएको थियो । सो अध्यादेशले आर्थिक शक्तिको गैरकानूनी केन्द्रीकरण, गैरकानूनी एकाधिकार तथा निषेधात्मक व्यापार व्यवहारलाई निषेध गरेको छ । निजी व्यवसायमा पुँजीको हद तोकिएको छ । राष्ट्रिय विद्युत शक्ति नियन्त्रण प्राधिकरण तथा पाकिस्तान टेलिकम्युनिकेशन प्राधिकरण जस्ता नियमनकारी संस्थाहरूको पनि पाकिस्तानमा उपस्थिति देखिन्छ । तथापि भारतमा जस्तो छुट्टै प्रतिस्पर्धा ऐन भन आएको छैन ।

**श्रीलंकाः** श्रीलंकामा सन् १९८७ मा स्वच्छ व्यापार ऐन, १९८७ को निर्माण गरिएको थियो र त्यसमा सन् १९९३ मा संशोधन गरिएको छ । यो ऐनले स्वच्छ व्यापार आयोगको स्थापना र गठनको व्यवस्था समेत गरको छ । यो ऐनको उद्देश्य एकाधिकारमा नियन्त्रण र गैर प्रतिस्पर्धात्मक क्रियाकलापलाई निषेधित गर्नु हो । श्रीलंकामा सेवाका सबै क्षेत्रहरू नियमित नगरिएको भएता पनि दूरसञ्चारको क्षेत्रमा भने दूरसञ्चार नियन्त्रण आयोगको व्यवस्था गरिएको छ ।

**भुटानः** हालसम्म भुटानमा प्रतिस्पर्धा कानूनको निर्माण नगरिएको र आफ्नो औद्योगिक आधारशिला नभएको हुँदा यहाँ सीमित डिलरहरूले एकाधिकार प्रयोग गर्ने गरेको पाइन्छ । तथापि विश्वव्यापीकरण तथा उदारीकरणको प्रभावले सन् १९९२ पछि यहाँ एकाधिकार नियन्त्रण गर्ने नीति लिएर सो नीतिअन्तर्गत ठूला व्यापारहरूमा एक भन्दा बढी व्यक्तिहरूले डिलर लिनसक्ने व्यवस्था तर्जुमा गरिएको छ । उपभोक्ता हित संरक्षणका लागि उपभोक्ता संरक्षण ऐन प्रस्तावित गरी स्वच्छ व्यापार आयोगलाई यो ऐन लागू गर्ने जिम्मेवारी दिइने प्रस्ताव ल्याइएको छ ।

**बंगलादेशः** बंगलादेशमा पनि हालसम्म छुट्टै प्रतिस्पर्धा कानून निर्माण गरिएको छैन तर यहाँ संरचनात्मक सुधार कार्यक्रमको थालनी भने सन् १९९० पछि भैसकेको देखिन्छ । यहाँ प्रायः एकाधिकारको काम सरकारी निकायहरूले गर्ने गर्दछन् । विद्युत्, ग्यास, रेलवे, दूरसञ्चार, चिनी, मल, ग्लास, तथा स्टीलमा यस प्रकारको सरकारी एकाधिकार पाइन्छ । सन् १९७१ मा पाकिस्तानबाट अलग भई बंगलादेश छुट्टै राष्ट्रको रुपमा स्थापना भएपछि पनि पाकिस्तानअन्तर्गत हुँदा लागू गरिएको एकाधिकार तथा निषेधात्मक व्यापार व्यवहार (नियन्त्रण र निषेध) अध्यादेश, (MRTPO) १९७१ लाई नै निरन्तरता दिइएको थियो जुन अद्यापि कायमै रहेको पाइन्छ ।

## नेपालमा प्रतिस्पर्धा कानून र नीति

नेपालमा प्रतिस्पर्धा कानून र नीतिको पृष्ठभूमि हेर्ने हो भने १०४ वर्षे राणाकालमा व्यापारको विकास हुन नसकेबाट त्यस बखतमा प्रतिस्पर्धा कानूनको खासै सन्दर्भ उठेको पाँइदैन । पञ्चायतकालीन अवस्थामा पनि राज्यले स्वामित्व धारण गरेका सार्वजनिक निकायहरूले विद्युत्, सञ्चार, बैङ्किङ, मल, हवाई सेवा आदि सेवाका क्षेत्रमा एकाधिकार कायम राखिएको थियो । अन्य वस्तु र सेवाको क्षेत्रमा भने केही विशेष ऐनहरू मार्फत प्रतिस्पर्धा कायम गरिने केही प्रयास गरिएको पाइन्छ । आवश्यक पदार्थको उत्पादन, वितरण र व्यापारमा नियमितता गर्ने उद्देश्यले आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन २०१७, खाद्य पदार्थको स्तर राख्नुपर्ने सम्बन्धमा खाद्य ऐन, २०२३, अनुचित नाफा तथा नाजायज फाइदा उठाउन रोक लगाउनलाई ऐन, स्थानीय प्रशासन ऐन, २०२८; कालोबजार तथा नाफाखोरी जस्ता क्रियाकलापलाई निषेध गर्ने ऐन, कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२; जनसुरक्षित, असरयुक्त र गुणस्तरयुक्त औषधि प्रत्याभूत गर्नका लागि औषधि ऐन, २०३५ तथा गुणस्तर कायम गर्ने र गुणस्तरको प्रमाण चिन्ह प्रयोग गर्ने सम्बन्धी व्यवस्था गर्न नेपाल गुणस्तर (प्रमाण चिन्ह) ऐन, २०३७ जस्ता केही ऐनहरू प्रतिस्पर्धाको क्षेत्रमा सरोकार राख्ने प्रावधानहरू समेटिएका केही कानूनहरू थिए ।

विश्वव्यापी रूपमा सन् १९८० को दशकमा सुरू भएको आर्थिक उदारीकरणको प्रभाव स्वरुप नेपालमा पनि आतर्राष्ट्रिय मुद्रा कोष तथा विश्व बैंकको सहयोगमा संरचनागत समायोजनअन्तर्गत विभिन्न आथिक कार्यक्रमहरू समेत नेपालमा लागू भए । आर्थिक उदारीकरणको मूलभूत उद्देश्य व्यापारमा राज्यको भूमिकालाई कम गर्दै निजीक्षेत्रलाई व्यापारको साथै विकासको मूलप्रवाहमा समेत समावेश गर्नु रहेको हुन्छ । निजी क्षेत्र मुनाफाको उद्देश्यले अभिप्ररित हुने भएको हुँदा यिनीहरूको व्यापक संलग्नतावाट व्यापारमा प्रतिस्पर्धात्मक वातावरण सिर्जना भै व्यावसायिक दक्षतामा अभिवृद्धि हुने र सीमित साधनको अधिकतम उपयोग हुन सक्ने विश्वास गरिएको हुन्छ ।

नेपालमा २०४६ सालको जनआन्दोलन पश्चात् निर्मित नेपाल अधिराज्यको संविधान, २०४७ ले समेत राज्यका निर्देशक सिद्धान्त तथा नीतिअन्तर्गत स्वच्छ प्रतिस्पर्धालाई प्रवर्द्धन गर्ने कुरालाई राज्यको सिद्धान्त र नीतिभित्र व्यवस्था गरेको छ ।

यसका अलावा सरकारी खरीद तथा सरकारी कार्यका लागि आपसमा मिली वा आर्थिक प्रलोभन दिई वा प्रतिस्पर्धीलाई बल प्रयोग गरी प्रतिस्पर्धाबाट वञ्चित गर्ने कार्यलाई आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ ले स्वच्छ प्रतिस्पर्धालाई आघात पुऱ्याउने कार्य मानी त्यस्तो कार्यलाई दण्डनीय मानेको छ ।

कोष्ठकः ४

## नेपाल अधिराज्यको संविधान २०४७ को निर्देशक सिद्धान्त

नेपाल अधिराज्यको संविधान, २०४७ को भाग ४ अन्तर्गत रहेको राज्यको निर्देशक सिद्धान्त तथा नीतिहरूअन्तर्गत देशको उपलब्ध स्रोत र साधनलाई सीमित व्यक्तिहरूमा केन्द्रित हुन नदिई सामाजिक न्यायका आधारमा आर्थिक उपलब्धिको न्यायोचित वितरणको व्यवस्था मिलाई कुनै पनि व्यक्ति वा वर्गउपर आर्थिक शोषण हुन नपाउने व्यवस्था गरी स्वदेशी निजी एवं सार्वजनिक उद्यमलाई प्राथमिकता दिई राष्ट्रिय अर्थतन्त्रलाई स्वतन्त्र एवं आत्मनिर्भर गराउने लगायत राष्ट्रिय विकासका लागि स्वदेशी लगानीको प्रवर्द्धन गर्दै देशमा वैदेशिक पूँजी र प्रविधिलाई आकर्षित गर्ने नीति र सिद्धान्तलाई अंगिकार गरेको छ।

यदि कसैले कृत्रिम प्रतिस्पर्धा हुने गरी बोलपत्र दिएमा त्यस बिरुद्ध उजुरी गर्न सकिने र प्रमाणीत भएमा बोलपत्रदाताको बोलपत्र रद्द गरी धरौटी जफत गरिनुका साथै त्यस्ता फर्म वा कम्पनीको नाम कालो सूचीमा राख्न सकिने व्यवस्था समेत नियमावलीले गरेर सरकारी खरीद तथा बोलपत्रसम्बन्धी कार्यमा प्रतिस्पर्धात्मक वातावरण बनाउने प्रयत्न गरेको छ।

उपभोक्ताको हकहित संरक्षण गर्ने उद्देश्यले अनुचित व्यापार व्यवहार, सिण्डिकेट प्रणाली, अनुचित गठबन्धन, कोटा निर्धारण, कृत्रिम अभाव, उपभोक्ता वस्तुको उत्पादन घटाउने जस्ता कार्यलाई नियन्त्रित र निषेधित गर्न उपभोक्ता संरक्षण ऐन, २०५४ पनि ल्याइएको पाइन्छ।

दशौं योजनाले पनि लगानी तथा उत्पादन वृद्धि गरी देशको आर्थिक विकासमा निजी क्षेत्रको भूमिका प्रवल बनाई उत्पादन व्यवस्था विकासमार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने उद्देश्य राखेको पाइन्छ। दूरसञ्चार, हवाई यातायात, वित्त, सार्वजनिक स्वास्थ्य, शिक्षा, ऊर्जा उत्पादन वा वितरण जस्ता आरक्षित क्षेत्रहरू समेत निजी क्षेत्रका लागि खुल्ला गरी प्रतिस्पर्धात्मक बनाउने प्रयत्न पनि गरिएको छ। त्यसैगरी विदेशी लगानी खुल्ला गरी विदेशीलाई समेत प्रतिस्पर्धामा भाग लिन सक्ने व्यवस्था गरिएको छ।

नेपाल विश्व व्यापार संगठनमा प्रवेश गरिसकेको र नेपाली बजार पनि यसका सदस्य राष्ट्रहरूका लागि खुला भइसकेको अवस्थामा पनि हाम्रो देशमा -भने अद्यापि व्यापारिक गठवन्धन, मिलोमतोपूर्ण ठेक्का, सिन्डिकेट प्रणाली, मिश्रित बिक्री, पुनर्बिक्री मूल्य निर्धारण, मूल्यमा भेदभाव, दुराशयपूर्ण मूल्य निर्धारण जस्ता गैर-प्रतिस्पर्धात्मक क्रियाकलापहरू सामान्य रुपमा प्रचलनमा रहेको पाइन्छ। भविष्यमा प्राप्ति र विलय तथा एकान्तिक कारोवार जस्ता गैर-प्रतिस्पर्धात्मक क्रियाकलापहरू पनि विश्वव्यापीकरणले ल्याउने निश्चित छ। प्रतिस्पर्धा कानूनको अभावमा यस्ता क्रियाकलापबाट उपभोक्ता, स्वच्छ एवं साना उद्यमी व्यावसायी आक्रान्तित हुनेछन् फलस्वरुप राष्ट्रिय अर्थतन्त्रमै खतरा उत्पन्न हुन सक्नेछ। यहि तथ्यहरूलाई ध्यान दिएर नै नेपालमा पनि प्रतिस्पर्धा कानूनको मस्यौदा तयार गरी सार्वजनिक छलफलमा ल्याइएको थियो। तर हालसम्म यसले ऐनको रुप धारण गर्न सकेको छैन। लेखकहरूलाई पनि प्रस्तावित ऐनको मस्यौदा अध्ययन गर्ने अवसर प्राप्त भएको हुँदा यसलाई छोटो विवेचना गर्नु ज्यादै सान्दर्भिक ठानी उल्लेख गरेका छौं ।

प्रतिस्पर्धा कानूनको प्रस्तावित मस्यौदाले आफ्नो क्षेत्रभित्र दुई प्रकारका क्रियाकलापहरूलाई समावेश गरेको छ। ती हुन्:

(१) कुनै वस्तु वा सेवाको कारोबार गर्ने व्यक्तिले गर्ने प्राकृतिक वा कानूनी व्यापारिक क्रियाकलापहरू,

(२) नेपालमा व्यापार संचालन गर्ने वा बस्ने कुनै पनि व्यक्ति वा संस्थाले नेपाल बाहिर गरेका क्रियाकलापहरूबाट नेपालको बजारमा समेत प्रतिकूल प्रभाव पार्ने क्रियाकलापहरू।

यो ऐनले गैर प्रतिस्पर्धात्मक क्रियाकलाप तथा सम्झौताहरू, प्रभुत्वशाली हैसियतको दुरुपयोग, गैर प्रतिस्पधात्मक विलय र प्राप्ति, एकाधिकार कायम, एकलौटी कारोबार, बजार सीमितता, बन्धनयुक्त बिक्री, भ्रमपूर्ण विज्ञापन तथा बोलपत्रमा अनियमितता जस्ता विभिन्न गैह्र प्रतिस्पर्धात्मक क्रियाकलापहरूलाई परिभाषित गरी यस्ता क्रियाकलापहरूलाई दण्डनीय कसूर मानेको छ। कसैले यस प्रकारको क्रियाकलाप गरेमा ऐन बमोजीम गठित प्रतिस्पर्धा आयोगसमक्ष उजुरी दिन सकिने र आयोगले जाँचबुझ गरी श्री ५ को सरकारले तोकेको अदालतमा मुद्दा दर्ता गर्न सक्ने व्यवस्था गरिएको छ। यो ऐनअन्तर्गत कसुर लागेको व्यक्तिले कसुर झुट्टा हो भनी दावी लिएमा आफैले सफाइको प्रमाण भए पुऱ्याउनु पर्ने व्यवस्था गरी कठोर दायित्वको सिद्धान्त अंगालिएको छ।

उद्योग तथा वाणिज्य क्षेत्रमा स्वतन्त्र बजारको विकास, विस्तार तथा प्रवर्द्धन गर्ने, उत्पादित वस्तु वा सेवाको गुणस्तर र मूल्यमा स्वस्थ प्रतिस्पर्धाका माध्यमबाट उपभोक्तासमक्ष पुऱ्याउने, स्वस्थ प्रतिस्पर्धा विपरितका कामकारवाहीमा रोक लगाउने तथा प्रतिस्पर्धासम्बन्धी नीति र कानूनको तर्जूमालगायत पुनरावलोकन गर्ने समेत कामका लागि श्री ५ को सरकारलाई आवश्यक सल्लाह र सुझाव दिने उद्देश्यले यस प्रस्तावित ऐनअन्तर्गत प्रतिस्पर्धा प्रवर्द्धन आयोग गठन गरिएको छ।

यो ऐनले कसुरको प्रकृति र गम्भीरता हेरी कारोवारको ७ प्रतिशतदेखि २० प्रतिशतसम्म जरिवाना र २ वर्षदेखि ४ वर्षसम्म कैदको व्यवस्था पनि गरिएको छ। यो ऐनअन्तर्गतको मुद्दा सरकारवादी हुने हो वा दुनियावादी हुने भन्ने सम्बन्धमा मस्यौदामा कुनै व्यवस्था गरेको नपाइनुको साथै ऐनअन्तर्गतका कार्यविधि संक्षिप्त वा सामान्य कार्यविधि के हुने हो भन्ने कुराको स्पष्ट व्यवस्था छैन। देवानी प्रकृतिका कसुर छुट्याई अन्यलाई गम्भीर प्रकृतिको कसुर हुने हुँदा सरकारवादी फौजदारी मुद्दा कायम गरिनु अपरिहार्य छ। त्यस्तै यस प्रकारका कसुरहरूमा तत्कालै निर्णय दिनुपर्ने जरुरी हुँदा आयोगले संक्षिप्त कार्यविधि ऐनअन्तर्गत कारवाही गर्ने व्यवस्था गरिनुपर्दछ।

त्यस्तै, प्रस्तावित ऐनले आर्थिक क्रियाकलाप, प्रविधि तथा विकासलाई

कोष्ठकः ५

## विश्वका अन्य कानूनी प्रणालीमा निम्न प्रतिस्पर्धा नीति तथा कानूनहरू छन्

| देश | नीति तथा कानून | उद्देश्य |
|---|---|---|
| दक्षिण कोरिया | एकाधिकार नियन्त्रण तथा स्वच्छ व्यापार ऐन, १९९७ | आर्थिक क्षेत्रका हर तहमा प्रतिस्पर्धा ल्याउनु र कोरियन व्यापारलाई प्रतिस्पर्धी वनाउनु |
| इण्डोनेशिया | प्रतिस्पर्धा नीति | विस्तारै खुल्ला वजार ल्याउने र कानूनी तथा नीतिगत सुधार ल्याई इण्डोनेशियाली वजारमा स्वच्छ प्रतिस्पर्धा प्रत्याभूत गर्ने |
| मलेसिया | कानून तथा नीति छैन तर कानून वनाउने प्रयत्न गरिदैछ | विस्तारै प्रतिस्पर्धा कानून र प्रतिस्पर्धी व्यापार क्षेत्रको निर्माण गर्ने |
| हङकङ | प्रतिस्पर्धा नीति | वृहत् प्रतिस्पर्धा नीति ग्रहण गर्ने, प्रतिस्पर्धा कानून वनाउने, प्रतिस्पर्धा कानून लागू गर्न प्रभावकारी प्रतिस्पर्धा प्राधिकरण गठन गर्ने |
| फिलिपिन्स | फिलिपिन्सको संविधान, १९८७<br>एकाधिकार तथा विलय ऐन | सार्वजनिक हितका लागि एकाधिकार निषेध गर्ने र अस्वच्छ प्रतिस्पर्धा वा व्यापार निषेध गर्ने<br>व्यापार, व्यवसायलाई रोक्ने वा प्रतिस्पर्धालाई निषेध गरी एकाधिकार कायम गर्ने कार्य रोक्ने |
| भियतनाम | भियतनाममा तत्काल कुनै नीति तथा कानून छैन । | प्रतिस्पर्धा कानून तथा नीति ल्याउने प्रयत्न गरिदैछ । |
| मेक्सिको | संघीय आर्थिक प्रतिस्पर्धा ऐन, १९९३ | एकाधिकार रोक्ने, राज्य स्तरको व्यापारमा रहेका अवरोधहरू हटाउने विलयलाई निषेध गर्ने र स्वच्छ प्रतिस्पर्धा प्रत्याभूत गर्ने |
| स्वीडेन | स्वीडेन प्रतिस्पर्धा ऐन, १९९३ | स्वीडेन बजारमा रहेको प्रतिस्पर्धा अवरोध हटाउने र प्रतिस्पर्धा प्रत्याभूत गर्ने, गैर-प्रतिस्पर्धात्मक सम्झौता तथा व्यवहारहरूलाई निषेध गर्ने |
| फ्रान्स | प्रतिस्पर्धाका लागि मूल्य स्वतन्त्रता आदेश, १९८६ | प्रतिस्पर्धालाई आदर गर्ने, प्रतिस्पर्धा रोक्ने, अवरोध गर्ने तथा हटाउने कार्यलाई दण्डित गर्ने, प्रभावकारी हैसियतको दुरुपयोगलाई रोक्ने । |
| इटाली | प्रतिस्पर्धा ऐन, १९९० | प्रतिस्पर्धा प्राधिरणको गठन गर्ने, निजी उद्यमीहरूको व्यावसायिक स्वतन्त्रताको हकको प्रत्याभूति गर्ने, प्रतिस्पर्धामा अवरोध ल्याउने वा रोक्ने, प्रभावकारी हैसियतको दुरुपयोग गर्ने तथा प्रतिस्पर्धालाई अवरोध गर्ने गरी गरिने विलय र प्राप्तिलाई निषेध गर्ने । |
| नेदरल्याण्ड | प्रतिस्पर्धा ऐन, १९९८ | गठवन्धन र प्रभावकारी हैसियतको दुरुपयोग तथा आर्थिक स्रोतको केन्द्रीकरणलाई रोक्ने |
| अष्ट्रेलिया | व्यापार व्यवहार ऐन, १९७४ | वजारको प्रतिस्पर्धा र प्रभावकारितालाई सुधार गर्ने, स्वच्छ व्यापार व्यवहारलाई प्रवर्धन गर्ने, मूल्य वृद्धि रोक्ने र स्वच्छ मूल्य कायम गर्ने |
| न्यूजिल्याण्ड | न्यूजिल्याण्ड व्यापार ऐन, १९८६ | न्यूजिल्याण्डमा वजारको प्रतिस्पर्धा र प्रभावकारितामा अभिवृद्धि गर्ने, सरकारी नियन्त्रण घटाउने, गैरप्रतिस्पर्धात्मक कार्यलाई रोक्ने । |

प्रवर्द्धन गर्ने विलय र प्राप्ति वा प्रभुत्वशाली हैसियतको प्रयोगमा समेत छुट दिने व्यवस्था गरेको छैन । यस्तो व्यवस्था हुनु अत्यन्तै जरुरी छ ।

## निष्कर्ष

प्रतिस्पर्धा कानूनको प्रादुर्भावदेखि हालसम्म ठूलो परिवर्तन आइसकेको छ । विकसित देशबाट सुरु भएको भएता पनि यसले विश्वव्यापीकरण पश्चात् १०० भन्दा बढी मुलुकका कानूनी प्रणालीहरूमा स्थान प्राप्त गरिसकेको छ र अन्य कतिपय राष्ट्रहरु यसलाई आफ्नो कानूनी प्रणालीमा समावेश गर्ने तयारीमा छन् । विकसित तथा नव औद्यौगिक राष्ट्रहरूले समयसापेक्ष ढङ्गमा व्यापार र प्रतिस्पर्धा एक अर्काका परिपूरक हुन् भन्ने तथ्यलाई स्वीकारेर चालेका कदमहरूका कारण नै आज उनीहरू आर्थिक विकासको चरम शिखरमा पुग्न सफल भएको कुरा इतिहासले प्रमाणित गरिसकेको छ । आज अन्तर्राष्ट्रिय बजारमा विभिन्न देशहरूबीच आफ्नो व्यापार बढाउन अथक होडवाजी चलिरहेको बेला देशहरूले आ-आफ्ना प्रतिस्पर्धात्मक क्षमता बढाउन विभिन्न कानून तथा नीतिहरू निर्माण गरी क्षमता अभिवृद्धि गर्न प्रयत्न गर्नु स्वाभाविक हो ।

विश्व व्यापार संगठनमा प्रवेशसँगै हामीले आजको प्रतिस्पर्धात्मक बजार संरचनालाई विश्वसमक्ष खोलिसकेका छौ । यसका लागि आर्थिक विकासलाई प्रवर्द्धन गर्ने प्रभावकारी प्रतिस्पर्धा नीति र कानूनको तर्जुमा र त्यसको सफल कार्यन्वयन आजको आवश्यकता भैसकेको छ । नेपालमा प्रतिस्पर्धा कानूनको मस्यौदा तयार भइसकेको भएता पनि हालसम्म कानूनको रुपमा लागू हुन नसकेको हुँदा प्रस्तावित मस्यौदामा भएका केही गम्भीर कमी कमजोरीहरूलाई सुधार गरी तत्काल कानूनको रूप दिनु आवश्यक छ । प्रतिस्पर्धाको

क्षेत्रमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभाव पार्ने अन्य विभिन्न नीति, नियम तथा ऐनहरू जस्तै औद्योगिक नीति, व्यापार नीति, वैदेशिक लगानी नीति, विनिमय नीति तथा प्रतिस्पर्धासँग सम्बन्धित सम्पूर्ण पुराना ऐनहरूको पुनरावलोकन गरी प्रस्तावित प्रतिस्पर्धा ऐन तथा नीतिसँग सामञ्जस्य गरी अनावश्यक ऐन तथा नीतिहरू खारेज गर्नु पर्ने देखिन्छ ।

अन्तर्राष्ट्रिय स्तरमा तथा क्षेत्रीय रुपमा युरोपेली संघलगायत सार्क क्षेत्रमा समेत प्रतिस्पर्धा नीति तथा कानूनको व्यवस्था वा निर्माण हुन सकेमा यसले अन्तर्राष्ट्रिय स्तरमै स्वच्छ प्रतिस्पर्धा र समतालाई प्रत्याभूत गर्न सक्ने थियो । फलस्वरुप नेपाली वस्तु र सेवा सार्कलगायत विश्वभरिनै स्वच्छ प्रतिस्पर्धी भई खरो रुपमा उत्रन सक्ने सम्भावना हुने थिए ।

अत: बदलिदो विश्व अर्थव्यवस्था र प्रतिस्पर्धाको गतिसँगै मिल्दोजुल्दो नीति र कानून बनाई लागू गर्नु नेपालका लागि अपरिहार्य छ ।अहिलेको अवस्थालाई हेर्ने हो भने नेपालमा प्रतिस्पर्धाको विषय केवल यही क्षेत्रमा क्रियाशील व्यक्तिहरूको मात्रै चासोको विषय बनेको देखिन्छ । अद्यापि धेरैजसो नीति-निर्माता, सरकारी कर्मचारी, नागरिक समाज तथा आम उपभोक्तामाझ प्रतिस्पर्धा कानूनको विषय नौलो नै भएको हुँदा यस विषयमा ज्ञान दिलाउन प्रभावकारी जनजागरण गर्ने तर्फ विशेष कार्यक्रम सञ्चालन गर्न सकेमा यसबाट सकारात्मक योगदान पुग्ने विश्वास लिन सकिन्छ र यो नै आजको आवश्यकता पनि हो ।

## सुझाव

- प्रभावकारी प्रतिस्पर्धा ऐन तत्काल लागू गर्ने तर्फ तदारुकता देखाइनु पर्दछ ।
- विद्यमान प्रतिस्पर्धा सम्बन्धित कानूनी प्रावधानहरूलाई तर्जुमा हुन लागेको प्रतिस्पर्धा कानूनसँग सामञ्जस्य गराई अनावश्यक नीति तथा कानूनहरू खारेज गरिनु पर्दछ ।
- आर्थिक क्षमताको अभिवृद्धि र उद्यमी व्यवसायी तथा उपभोक्ता हित प्रवर्द्धन गर्ने प्रारम्भिक उद्देश्य राखी प्रतिस्पर्धाको समग्र क्षेत्रलाई समेट्ने प्रतिस्पर्धा नीतिको तर्जुमा गरिनुपर्दछ ।
- प्रतिस्पर्धाका सम्बन्धमा सबै सरोकारवालाहरूमा चेतना र जागरण ल्याउने खालका प्रभावकारी कार्यक्रमहरू ल्याइनु पर्दछ ।
- प्रतिस्पर्धालाई आर्थिक विकासका सम्पूर्ण आयामहरूमा एकीकृत रुपमा लगिनुपर्दछ ।
- कलेज तथा विद्यालयका पाठ्यक्रमहरूमा प्रतिस्पर्धाको विषयलाई समावेश गरिनु पर्दछ ।
- सार्क स्तरमा नै प्रतिस्पर्धा कानून निर्माण गरी यस्ता विवाद हेर्ने क्षेत्रीय आयोग गठन गरिनुपर्दछ । ■

## सन्दर्भ सामग्री


- Adhikari, Ratnakar and Dhrubesh Chandra Regmi. 2001. *Anti-competitive Practice in Nepal*. Discussion Paper. SAWTEE and CUTS: Kathmandu.
- SAWTEE. 2005. *Status of Competition in Nepal* (Draft). Kathmandu.
- Agnew, John. 1985. *Competition Law* (first edition). London.
- Chakrararti, S. ed. 2002. *Competition Regimes Around the World*. Monograph on Investment and Competition policy, CUTS. India.
- Das, Tapas and Vijjal Kumar. 2001. *Competition Policy & Law Made Easy*. Monograph on Investment and Competition policy CUTS: India.
- रञ्जनकृष्ण अर्याल, "प्रतिस्पर्धा नीति तथा कानून: एक सिंहावलोकन," *जानकारी पत्र*, अंक ५, सावती, २०६१ ।
- डा. रामकृष्ण तिमल्सेना, "बदलिंदो परिवेशमा प्रतिस्पर्धासम्बन्धी कानून र यसको आवश्यकता", सावती, उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय र पोखरा उद्योग बाणिज्य संघद्वारा संयुक्त रुपमा १०-११ वैशाख २०६१ मा पोखरामा आयोजित *"प्रतिस्पर्धा नीति तथा कानून किन र कस्का लागि"* विषयक दुई दिने गोष्ठीमा प्रस्तुत कार्यपत्र ।
- रत्नाकर अधिकारी, *'नवआर्थिक नीतिहरूमा प्रतिस्पर्धाका सवाल'* विषयक मंसीर १८, २०६१ मा धुलिखेलमा सावतीद्वारा आयोजित गोष्ठीमा प्रस्तुत कार्यपत्र ।
- नवीन दाहाल, "प्रतिस्पर्धा नीति र विकास आयाम," *'नव आर्थिक नीतिहरूमा प्रतिस्पर्धाका सवाल'* विषयक १८ मंसीर २०६१ मा धुलिखेलमा आयोजित गोष्ठीमा प्रस्तुत कार्यपत्र ।
- प्रस्तावित स्वच्छ प्रतिस्पर्धा ऐनको मस्यौदा, २०६१ ।


**सावतीको स्थापना १९९४ मा दक्षिण एशियाका गैर-सरकारी संस्थाहरूको संयुक्त प्रयासबाट भएको हो । सावती उदारीकरण, विश्वव्यापीकरण र विश्व व्यापार संगठन (डब्ल्यूटीओ) सँग सम्बन्धित विषयवस्तुहरूमा वकालत गर्नका लागि सम्बन्धित सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले खडा भएको क्षेत्रीय सञ्जाल हो । दक्षिण एशियाली राष्ट्रका ११ वटा संस्थाहरू सदस्य रहेको सावतीले प्रतिस्पर्धा नीति तथा कानूनका विषयमा समेत वकालत गर्दै आएको छ ।**


यो जानकारीपत्र साउथ एसिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड इन्भायरोमेन्ट (सावती) का लागि वेलायती अन्तर्राष्ट्रिय विकास विभाग (डिएफआईडी) को सहयोगमा अधिवक्ताद्धय सज्जनवरसिंह थापा र मेघराज पोखरेलद्वारा तयार पारिएको हो । जानकारीपत्रमा टिप्पणी सहित अमूल्य सुझाव दिनुहुने डा. रामकृष्ण तिमल्सेनालाई संस्थाका तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गरिन्छ । सम्पादन: अधिवक्ता ध्रुवेश रेग्मी । प्रिटिङ: मोडर्न प्रिन्टिङ प्रेस, काठमाडौं ।